केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/३/०७५/७६

मिति: २०७५/०७/२०

**सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी भएको सम्बन्धमा नेपाल राष्ट्र बैंकको**

## सूचना

नेपाल सरकारबाट आर्थिक वर्ष २०७५/७६ को बजेटमा व्यवस्था भएअनुसार शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवा परियोजना, महिला उद्यमशील, दलित समुदाय व्यवसाय विकास, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा, भूकम्प पिडितहरुको निजी आवास निर्माण एवम् व्यवसायिक कृषि तथा पशुपन्छी जस्ता कर्जाहरुमा तोकिएको व्याज अनुदान प्रदान गर्ने उद्देश्यले “सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५” स्वीकृत भई सो को कार्यान्वयनका लागि यस बैंकबाट मिति २०७५/०६/११ मा बैंक तथा वित्तीय संस्थाहरुलाई परिपत्र जारी गरिसकिएको छ । उक्त कार्यविधि बमोजिम योग्य र ईच्छुक सर्वसाधारणले आफ्नो अनुकूल शीर्षकमा कर्जा लिनु भई व्यवसाय/उद्यम सञ्चालन गर्नु हुन एवम् सम्बन्धित बैंक/वित्तीय संस्थाहरुले समेत त्यस्ता व्यक्तिहरुलाई नजिकको पायक पर्ने शाखा मार्फत सेवा प्रदान गर्न यो सूचना जारी गरिएको छ । यस्तो कर्जाका सम्बन्धमा विस्तृत जानकारी यस बैंकको वेवसाईट www.nrb.org.np (Directive, Notification – Banks & FIs Regulation – Circulars – 2075/76 – Circular 06 – Interest Subsidy on Subdized Loan) मार्फत प्राप्त गर्न सकिनुका साथै सो सम्बन्धी गुनासो सुनुवाईको लागि ईमेल:gunaso@nrb.org.np अथवा फोन नं. ०१-४४११४०७ मा सम्पर्क राख्नु हुन समेत अनुरोध छ ।

भवदीय,

2075/07/20

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक